मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
स्ट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिज्फल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
स्ट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पुर्मेश्वर गुफा, चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २५६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज १० गते शुक्रबार ❑ 26 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## भ्रष्टाचार न्यूनीकरण, सुशासन र सामाजिक न्यायका लागि सरकार दृढ छ : प्रधानमन्त्री कार्की

**रासस**
काठमाडौं, ९ असोज



प्रधानमन्त्री सुशीला कार्कीले भ्रष्टाचार न्यूनीकरण, सुशासन र सामाजिक न्यायका लागि वर्तमान सरकार दृढ रहेको स्पष्ट गर्नुभएको छ ।

सिंहदरबारबाट बिहीबार राष्ट्रका नाममा पहिलो सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले सरकारका कुनै पनि निकायमा ढिलासुस्ती, भ्रष्टाचारजन्य वा झन्झटपूर्ण कार्य भएमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका साथै तीने तहका सम्बन्धित सरकारी निकायमा उजुरी दिन 'हटलाइन'को प्रबन्ध गरिएको जानकारी दिनुभयो । प्रधानमन्त्री कार्कीले संविधान संशोधनसम्बन्धी मुद्दाको सम्बोधन जनविर्वाचित संसद्बाट गर्न आग्रह गर्दै जेनजी समूहको आन्दोलनको मर्म र भावनाबमोजिम सरकार सञ्चालन गरिरहेको सरकारलाई सहयोग गन सबैसँग आग्रह गर्नुभयो । उहाँले चालु आर्थिक वर्षअन्तर्गतका स्रोत सुनिश्चित नभएका र टुक्रे आयोजनाका नाममा विनियोजित बजेट खारेज गरिएको जानकारी गराउँदै क्षतिग्रस्त भौतिक संरचना निर्माणका लागि 'पुनःनिर्माण कोष' स्थापना गरिएको बताउनुभयो । प्रधानमन्त्री कार्कीले परिवर्तित स्थितिमा मनोबल गिराउने खालका काम नगर्न र रुपान्तरित भएर सेवाप्रवाह गर्न सम्पूर्ण राष्ट्रसेवक कर्मचारीसँग अपिल गर्नुभयो । नेपाली जनताले चाहेअनुसार शासकीय प्रणालीमा परिवर्तन र सुशासनको अपेक्षा पूर्तिसहित छ महिनाभित्र निर्वाचन गराउने आफ्नो दायित्व भएको बताउनुभएको छ ।

गत भदौ २३ र २४ गतेको जेनजी समूहको आन्दोलन र उत्पन्न परिस्थितिमा पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा भदौ २७ गते निर्वाचन गराउने जिम्मेवारीसहित आन्तरिक सरकार गठन भएको थियो । उहाँको सम्बोधनअघि विस्तारित मन्त्रिपरिषद्को पहिलो बैठक सिंहदरबारमा सम्पन्न भएको थियो । तोकिएको मिति आगामी फागुन २१ गते स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित रुपमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गराउन सरकार कटिबद्ध रहेको उहाँको भनाइ थियो ।

उहाँले विदेशमा रहेका नेपाली मतदातालाई मतदान गराउने उपायको समेत खोजी गरिरहेको जानकारी दिनुभयो । उहाँले उत्साहका साथ निर्वाचनमा भाग लिइ युवापुस्ताको मागबमोजिम योग्य व्यक्तिलाई निर्वाचित गराउन सबैलाई आग्रह गर्नुभयो । आगामी छ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन गराउने प्रतिबद्धता व्यक्त गर्दै स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउने अठोटसहित निर्वाचन प्रक्रियामा होमिएको वर्तमान सरकारलाई सहयोग गर्न सबैसँग अनुरोध गर्नुभयो ।

## मतदाता नामावली सङ्कलन सुरु

**रासस**
काठमाडौं, ९ असोज

निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभाको निर्वाचनका लागि बिहीबारदेखि मतदाता नामावली सङ्कलन सुरु गरेको छ । राष्ट्रपति रामचन्द्र पौडेलबाट अध्यादेशामार्फत मतदाता नामावली ऐन, २०७३ संशोधन भएपछि आयोगले आगामी कात्तिक ३० गतेसम्मका लागि मतदाता नामावली सङ्कलन सुरु गरेको हो ।

सोह्र वर्ष उमेर पूरा भई नेपाली नागरिकता प्रमाणपत्र प्राप्त नेपाली नागरिकले सार्वजनिक बिदाका दिनबाहेक हरेक दिन बिहान ८:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म प्रदेश निर्वाचन कार्यालय तथा जिल्ला निर्वाचन कार्यालयमा नाम दर्ता गर्न सकिने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । आयोगका प्रवक्ता भट्टराईका अनुसार १६ वर्ष पुरा भएकाहरूले मतदाता नामावलीमा नाम दर्ता गर्न पाउने तर १८ वर्ष उमेर पुरा भएपछि मात्र मतदानको अधिकार प्राप्त गर्नेछन् ।

आयोगको वेबसाइटमार्फत् 'प्रि-रजिष्ट्रेशन' प्रणालीबाट फारामभरी सम्बन्धित निर्वाचन कार्यालयमा जैविक विवरण उपलब्ध गराउन आयोगले आग्रह गरेको छ । आयोगले मतदाता सूचीमा नाम भएका मतदाताको विवरण सच्याउनुपर्ने भएमा पनि सोही अवधिमा सच्याउन सकिने जनाएको छ ।

आयोगले तोकिएको समयमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न मतदाता नामावली ऐन, २०७३ मा संशोधनलगायत आवश्यक स्रोतसाधनको सुनिश्चितताका लागि नेपाल सरकारसँग आग्रह गर्दै आएको थियो । हाल आगामी कात्तिक १६ गतेसम्म १८ वर्ष उमेर पुग्ने मतदाताको सङ्ख्या एक करोड ८१ लाख ६८ हजार २३० रहेका छन् । नामावली सङ्कलन पुन सुरु गरेसँगै युवा मतदाताको सङ्ख्या वृद्धि हुनेछ ।

यसअघि तोकिएको उपनिर्वाचनको मितिअनुसार गत असार १६ गतेदेखि मतदाता नामावली सङ्कलन स्थगन भएकामा मध्यावधि निर्वाचनको मिति घोषणा भएपछि अध्यादेशबाट कानुन संशोधन गरी मतदाता नामावली सङ्कलन खुला गरिएको हो ।

गत भदौ २३ र २४ गतेको जेनजी प्रदर्शन र उत्पन्न परिस्थितिमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन तथा प्रतिनिधिसभाको विघटन भई आगामी फागुन २१ गतेका लागि निर्वाचनको मिति घोषणा गरिएको थियो । प्रधानमन्त्री कार्कीसँग आयोगका पदाधिकारीले यही असोज ७ गते निर्वाचनका लागि कानुन संशोधन र व्यवस्थापकीय तयारीबारे छलफल गर्नुभएको थियो ।

## स्याङ्जामा यात्रु सहायता कक्ष

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ९ असोज



नजिकिदै गरेको चाडपर्वलाई लक्षित गर्दै ट्राफिक सहित जिल्ला प्रहरीले जिल्लाका ३ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरेको छ । स्याङ्जा सदरमुकामस्थित पुतलीबजार, वालिङ र गल्याङ नगरपालिकामा गरी ३ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरेको हो ।

चाडबाडका बेला यात्रुको चाप बढ्ने र बिभिन्न खालका घटना घट्न सक्ने जनाउदै प्रहरी र ट्राफिक प्रहरी कार्यालयले सिद्धार्थ राजमार्ग अन्तर्गतका ब्यस्त बजारलाई लक्षित गर्दै कक्ष स्थापना गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

दसैं, तिहार, छठ जस्ता चाडपर्वमा स्वदेश तथा विदेशबाट समेत यात्रु आउने र जाने क्रम बढ्छ । राम्रा र नयाँ कपडा तथा गरगहना लगाइने हुँदा चोरी समेत हुन सक्छ । सोही अवस्थालाई ध्यान दिदैं यात्रुलाई कुनै समस्या आइपरेमा सहायता कक्ष मार्फत सेवा लिन सकिने गरी सो कक्ष स्थापना गरिएको प्रहरी उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए । यात्रु बढेसँगै नगद तथा सुनचाँदी लगायतको चोरी डकैती हुने, भाडा बढी लिने, अभद्र व्यवहार देखाउने, यात्रु खचाखच भर्ने गर्दा उत्पन्न समस्या समेत सुरक्षाकर्मी समक्ष जाहेर गर्न पनि प्रहरी प्रमुख न्यौपानेको सुझाव छ । चाडपर्व नजिकिएसँगै जिल्लाको शान्ति, सुव्यवस्थालाई ध्यान दिदै प्रहरी परिचालन, गस्ती, सहित आवश्यकता अनुसार चेकजाँचलाई प्रहरीले बढावा दिएको छ । कक्ष स्थापनाका सन्दर्भमा सहभागी भएका बिभिन्न सवारी साधन चालक तथा सवारी धनीलाई सुरक्षित यात्रा संचालन गर्न, होडबाजीमा नचलाउन, जीउधनको सुरक्षा गर्न, संयमित भई सवारी साधन चलाउन, समस्या आइपरेमा सुरक्षा निकायमा खबर गर्न समेत सूचित गराइएको थियो ।

## ६७ प्रतिशत जनसंख्या बीमामा आबद्ध

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ९ असोज

स्याङ्जामा ६७ प्रतिशत नागरिक स्वास्थ्य कार्यक्रममा आबद्ध भएका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार जिल्लाका दुई लाख ५४ हजार २७७ कुल जनसंख्यामध्ये एक लाख ७० हजार १५९ अर्थात ६७ प्रतिशत नागरिकले स्वास्थ्य बीमामा आबद्ध भएका हुन् ।

८७ हजार ६०८ महिला र ८२ हजार ५५१ गरी एक लाख ७० हजार १५९ नागरिक बीमामा आबद्ध भएका छन् । जनसंख्याका आधारमा ६७ प्रतिशत नागरिक स्वास्थ्य बीमामा आबद्ध रहेको स्याङ्जामा घरधुरी ८० प्रतिशत घरपरिवार बीमामा आबद्ध छन् । जिल्लाका ७० हजार ७२१ घरपरिवारमध्ये ८० प्रतिशत अर्थात ५६ हजार

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्फलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

मानसिक स्वास्थ्य प्रति सचेत बनौं।
◆ निराश हुनु,
◆ तनाव तथा चिन्तित महसुस हुनु,
◆ बेला बेलामा डर लाग्नु,
◆ बिनाकारण पसिना आउनु,
◆ गहिरो निद्रा नपर्नु.
मानसिक रोगका लक्षण हुन्
मानसिक समस्या निदानको लागिः
◆ नियमित व्यायाम गरौं,
◆ आफ्ना भावना खुल्ला रूपमा व्यक्त गरौं,
◆ परिवार र साथीहरूसँग समय बिताऔं,
◆ योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं !
नेपाल सरकार
विज्ञापन बोर्ड

## एक सय एसियाली वैज्ञानिकको सूचीमा नेपालका पाँचजना

**रासस**
पोखरा, ९ असोज

एक सय एसियाली वैज्ञानिकको सूचीमा नेपालका पाँचजना छनोट भएका छन् ।

'एसियाली साइन्टिष्ट म्यागजिन'ले हालै प्रकाशन गरेको सो सूचीमा काठमाडौं विश्वविद्यालयका प्रेनशन प्रधान, फ्रेन्स अफ नेचरका राजु आचार्य, इन्डिपेन्डेन्ट कन्जर भेसन बायोलोजिष्टका रिन्जिन फुनजोक लामा, राप्ती इन्जिनियरिङ कलेजका डा शैलेन्द्र गिरी र नेपाल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजीका टिष्टा प्रसाई जोशी छनोट हुनुभएको छ ।

उत्कृष्ट वैज्ञानिकको सूचीमा छनोट भएपछि प्रतिक्रिया दिँदै डा गिरीले देशका लागि थप योगदान गर्न हौसला मिलेको बताउनुभयो ।

सूचना प्रविधिका क्षेत्रमा काम गर्दै आउनुभएका उहाँ स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान र कर्मचारी प्रशिक्षण प्रतिष्ठानका पूर्वकार्यकारी निर्देशक पनि हुनुहुन्छ ।

उहाँले सूचना प्रविधिका क्षेत्रमा निजी र सरकारी क्षेत्रबीच सहकार्य गर्दै यस क्षेत्रको प्राज्ञिक र व्यावहारिक उन्नयनमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# दोस्रो पुम्दी-भुम्दी पर्वतीय दौड प्रतियोगिताको तयारी पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असोज

विश्व पर्यटन दिवस अवसरमा पोखरामा शनिबार हुने दोस्रो पुम्दी-भुम्दी पर्वतीय दौड प्रतियोगिताको तयारी पूरा भएको छ। खेल पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पोखरा प्रवर्धन केन्द्र र पोखरा क्लिक प्रालिको संयुक्त आयोजनामा पर्यतीय दौड हुन लागेको हो।

पोखरा-२२ स्थित विश्व शान्ति स्तुपदेखि कालाबाङ घरेडी बुद्धपार्कसम्म ८ किमी दूरीमा विभिन्न ६ इभेन्टमा प्रतियोगिता हुँदैछ। हालसम्म नेपालसहित ४ देशका १ सय ३० जना धावकले नाम दर्ता गराएको प्रतियोगिता संयोजक दीननाथ बरालले जानकारी दिए। उनका अनुसार इच्छुक धावकले शुक्रबार बिहान १० बजेसम्म अनलाइनमार्फत फाराम भर्न सक्ने छन्। सहभागि हुने धावकहरुले पोखरा ९ बाँस्तोलाथर सिल्भर प्लेट पार्टी प्यालेससंगै रहेको संस्थाको कार्यालयबाट चेष्ट नम्बर लिनको लागि बिहान ८:०० बजे देखि बेलुका ४ बजेसम्म लिन सक्ने संयोजक बराललले जनाए।

प्रतियोगितामा नेपाल, बेलायत, इजरायल र नर्वेका खेलाडीहरुले नाम दर्ता गराएका हुन्। नेपालको सन्दर्भमा मधेश प्रदेश बाहेक ६ वटा प्रदेशबाट महिला-पुरुषले ६ वटा विधामै नाम दर्ता गराएका छन्। खुल्लातर्फ ५४ जना, महिला खुलातर्फ



मात्र ७ जना, यू-१६ तर्फ १८ जना, विदेशी पर्यटक ३ जना, भेट्रान्स (४० वर्षमाथि) तर्फ १४ जना र वडास्तरीय दौडतर्फ ३५ जनाले नाम दर्ता गराको पोखरा प्रबर्द्धन केन्द्रका उपाध्यक्ष असफल गौतमले बताए। सबै इभेन्टका विजयीलाई नगद पुरस्कार व्यवस्था छ। यसैबीच, सोही अवसरमा विश्व कीर्तिमानी धावक वसन्त घिमिरे र समाजसेवी अशोक गुरुङ सम्मानित हुने छन्। आयोजकले यस वर्षको प्रतिभा प्रोत्साहन सम्मानबाट तनहुँका विश्व कीर्तिमानी धावक घिमिरे र विश्वशान्ति स्तूप समिति अध्यक्ष समाजसेवी गुरुङलाई सम्मान गर्ने भएको हो। गत वर्ष उद्योगी एवं समाजसेवी चन्द्रकान्त बराल र विश्व कीर्तिमानी धावक कुसान गुरुङ सम्मानित भएका थिए।

नेपाल पर्यटन बोर्डको प्रबर्द्धन तथा पोखरा महानगरपालिकाको सहकार्यमा हुने प्रतियोगितामा विभिन्न संघसंस्थाले सहयोग गरेका छन्। विश्व शान्ति स्तुप समिति, पुम्दीकोट कोट विकास समिति, कालाबाङ घरेडी बुद्धपार्क समिति, गण्डकी प्रदेश सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, राखेप, मजेष्टिक लेक फ्रण्ट होटल एण्ड सुइट्स, पोखरा भ्रमण वर्ष २०२५, हिमश्री फुड्स प्रा.लि./केसी ग्रुप, होटल बाराही, होटल मुस्ताङ लेते एण्ड थकाली किचन, पोखरा पर्यटन परिषद्, होटल मुस्ताङ लेते एण्ड थकाली किचन, टान गण्डकी, पोखरा महानगरपालिका २२ को वडा युवा परिषद्, , परिचय एड्भरटाइजिङ, होटल संघ पोखरा नेपाल, ईजि ग्रुप, अन्नपूर्ण केवलकार, गण्डकी प्रादेशिक क्रिकेट संघ, बुमह्याङ रेष्टुरेण्ट, पोखरा एम्बुलेन्स चालक ईकाई कमीटी कास्की, एन्फा कास्की, फ्रेस इलिमेन्ट्स रेष्टुरेण्ट एण्ड बार, पृथ्बीराज मार्ग बस संचालक कम्पनी, भट्टिखान माउण्टेन न्यू रिसोर्ट, सोसल पव्लिक स्कुल, हिमालय कम्प्यूटर, हिल प्वाइट हाई स्कुल लगायतको सहयोग छ।

प्रदेश खेलकुद परिषद् गण्डकी समन्वय र पोखरा महानगरपालिका २२ वडा कार्यालयको सहकार्य रहेको प्रतियोगिताको मेडिकल पार्टनरमा नेलम्बो नेपाल, हस्पिटल पार्टनरमा नमस्ते हस्पिटल, अफिसियल टेलिभिजनमा सिटीवान टेलिभिजन, अफिसियल रेडियोमा रेडियो सफलता जोडिएको छ। आधिकारिक ड्रिङ्किङ वाटरका रूपमा ग्लेज नेचुरल स्प्रिङ वाटरले साथ दिएको छ।

खुलातर्फ प्रथम पुरस्कार अन्तर्राष्ट्रिय ख्यातिप्राप्त खेलाडी लेफ्टिनेन्ट कुसाङ गुरुङले प्रायोजन गरेका छन्। यस्तै, नेलम्बो नेपालले तेस्रो पुरस्कार प्रायोजन गरेको छ। सहारा क्लब पोखरा, सिटिजन्स फर्निचर, नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेजले १६ वर्षमुनिको विधामा, पर्यटक दौडको प्रोत्साहन पुरस्कार, महिलातर्फको खुला विधामा प्रदान गरिने जनही १५ हजार सहयोग गर्ने भएका छन्। प्रतियोगितामा करिब १६ लाख ९१ हजार रूपैयाँ खर्च हुने अनुमान रहेको पोखरा क्लिकका व्यवस्थापक सागर सुनारले बताए। गत साता हुने भनिएको प्रतियोगिता जेनजी प्रदर्शनका कारण उत्पन्न परिस्थितिले एक सातापछि धकेलिएको हो। असोज ११ गते शनिबार बिहान हुने प्रतियोगितामा धावकलाई स्थानीय आमा समूह र क्लबले फूलमाला र घडासहित स्वागत गर्ने छन्।



भत्ता लिन बैंकमा सेवाग्राहीको भीडः तनहुँको व्यास नगरपालिका-३ महर्षिचोकस्थित प्रभु बैंकमा बिहीबार सामाजिक सुरक्षा भत्ता लिन सेवाग्राहीको भीड। दशैं सुरु भएसँगै बैंक तथा वित्तीय संस्थामा सेवाग्राहीको भीड बढेको छ। तस्बिरः कृष्ण न्यौपाने/रासस

# दसैंमा जमारा राखे अशुभ हुन्छ ठान्ने सीमान्तकृत समुदाय

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ असोज

बडादसैंलाई महत्त्वका साथ मनाउने नेपालीहरूको घरमा घटस्थापनादेखि नै चहलपहल सुरु हुन्छ। घटस्थापनामा जमरा राखेर दसैं सुरु भए पनि बागलुङको एक सीमान्तकृत समुदायको घरमा भने घटस्थापनामा सुनसान हुन्छ।

जमरा राख्नुपूर्व घरलाई लिपपोत गर्ने, रङ्गाउने प्रचलन भए पनि बागलुङ नगरपालिका-१ रामरेखाको एक माझी समुदायमा भने अझै दसैंको चहलपहल छैन। घटस्थापनाको दिन राखेको जमरा विजयादशीको दिन टीकासँगै मान्यजनको हातबाट लगाउने चलन भए पनि जमारा नराखी माझी समुदायले दसैं मनाउने गरेका छन्। जमराबिना दसैं मनाउने अनौठो परम्परालाई यहाँका माझी समुदायले वर्षौंदेखि निरन्तरता दिँदै आएका छन्। जमरा राखे नराम्रो घटना घट्ने भन्दै दुई पुस्ताभन्दा पहिलेदेखि जमरा नराखी नै दसैं मनाउँदै आएको माझी समुदायका अगुवाहरूले बताउने गरेका छन्। घरमा जमरा राखे दसैं नै अशुभ हुने परम्परागत मान्यताका आधारमा जमरा नराखी दसैं मनाउने गरेको स्थानीय देउकुमारी



माझीले बताउनुभयो। पिता पुर्खाले भनेअनुसार अनिष्ट हुने खतरा टार्नका लागि दसैंमा जमरा नराख्ने गरिएको उहाँको भनाइ छ। करिब डेढ सय वर्षअघिसम्म जमरा राखे पनि पछि अनिष्ट हुन थालेपछि जमरा राख्न छोडिएको भन्ने गरिएको माझीले बताउनुभयो। यो समुदायमा जमरा राखेपछि घरकी कन्याको मृत्यु भएको किंवदन्तीअनुसार जमरा राख्न छोडिएको बताइन्छ। यहाँको खनियाबास र मालढुङ्गामा बस्ने माझीहरूले घरमा जमरा नराखे पनि नजिकको मन्दिरबाट जमरा लगेर दसैं भने मनाउँदै आएका छन्। "जमरा राख्दा घरकी कन्याको मृत्यु भएको र जमरा नराख्दा मृत्यु हुन छोडेको किंवदन्तीअनुसार जमरा राख्ने चलन छोडिएको बताइन्छ, तर दसैं भने मनाउँदै आएका छौं", माझीले भन्नुभयो। स्थानीय कृष्ण माझीले जमरा नराख्ने चलनमा यहाँका समुदायको साझा सहमति रहेको बताउनुभयो। जमरा राखेपछि लगातार छोरीचेलीको मृत्यु भएर दसैं रोकिएकाले जमरा राख्न छोडिएको हो भनेर पुर्खाहरूले भन्दै आएकाले पछिल्लो पुस्ताले पनि त्यसलाई निरन्तरता दिएको उहाँले सुनाउनुभयो। खनियाबास र मालढुङ्गामा माझी समुदायका २० परिवारको बसोबास छ।

पुर्खौंदेखि कालीगण्डकी नदीमा माछा मार्ने, डुङ्गा खियाउने र बालुवा निकालेर गर्जो टार्दै आएका यहाँका माझीहरूले पछिल्लो समय पेसा परिवर्तन गर्दै आएका छन्।

# परिवार नियोजन संघमा भिडियो एक्सरे सेवा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असोज

नेपाल परिवार नियोजन संघ कास्कीले विहीबारदेखि भिडियो एक्सरे (युएसजी) सेवा संचालनमा ल्याएको छ।

पोखरा १२ उपकार मार्ग स्थित संघको कार्यालयमा नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलले सेवा शुभारम्भ गर्नुभएको छ। सेवा शुभारम्भ गर्दै सिग्देलले सेवाग्राहिको हितलाई मध्यनजर गर्दै सेवा संचालनमा ल्याइएको बताउनुभयो।

गुणस्तरीय सेवा हाम्रा प्राथमिकता हुन्, उहाँले भन्नुभयो, यो सेवा नहुँदा अन्यत्र रिफर गर्नुपर्ने अवस्था



अब अन्त्य भएको छ।

गण्डकी प्रदेश सरकारको सहयोगमा सेवा संचालनमा ल्याइएको वरिष्ठ शाखा प्रवन्धक नब राज तिवारीले जानकारी दिनुभयो।

गण्डकी मेडिकल कलेजका रेडियोलोजी विभागका प्रमुख सह.प्रा.डा.केशव शर्माले उक्त सेवा प्रदान गर्नुहुनेछ। शाखाले हाल परिवार नियोजन, सुरक्षित गर्भपतन, सुरक्षित मातृत्व, यौनजन्य रोगको परामर्श तथा उपचार, एच.आई.भि.परिक्षण तथा परामर्श, पाठ्घरको मुखको क्यान्सर सम्बन्धि प्रारम्भिक परिक्षण तथा परामर्श, यौनिक तथा लैङ्गिकतामा आधारित हिंसामा परेकालाई परामर्श तथा उपचारका साथै यौंन तथा प्रजनन् स्वास्थ्य संग सम्वन्धित सम्पुर्ण सेवाहरु लगायत प्रयोगशाला सम्वन्धि सेवाहरु पनि उपलव्ध छ।

# ६७ प्रतिशत ...

७४ घरपरिवार बीमा कार्यक्रममा आबद्ध छन्।

जिल्लामा जनसंख्याको तुलनामा बीमा कार्यक्रममा घरपरिवारको संख्यामा धेरै देखिएको छ। २२ हजार ८३१ जेष्ठ नागरिक र ३३ हजार २४३ गरी ५६ हजार ५४ घरपरिवारमध्ये एक जेष्ठ नागरिकलाई एक घरपरिवारमा गणना गर्दा जनसंख्याको तुलनामा घरपरिवारको संख्या प्रतिशतमा धेरै देखिएको स्वास्थ्य बीमा बोर्ड स्याङ्जा शाखाले जनाएको छ। आर्थिक वर्ष २०८१/०८२ मा स्वास्थ्य बीमा कार्यक्रममा जिल्लाका ११ पालिकाहरुले दुई करोड ४३ लाख २१ हजार ६५० रुपैयाँ शुल्क बुझाएका छन्।

गाउँपालिकाका सबै नागरिकको स्वास्थ्य बीमा गरेको कालिगण्डकी गाउँपालिकाले मात्रै एक करोड ७२ लाख ७२ हजार १५० रुपैयाँ शुल्क बुझाउँदा अन्य १० पालिका मध्ये ९ पालिकाले ७० लाख ४९ हजार ५ सय रुपैयाँ निःशुल्क बीमा शुल्क बुझाउँदा एक पालिका हरिनाश गाउँपालिकाले कुनै पनि रकम खर्च गरेको छैन्।

बोर्डका अनुसार वालिङ नगरपालिकाले १५ लाख ७५ हजार, पुतलीबजार नगरपालिकाले ८ लाख २२ हजार ५ सय, भीरकोट नगरपालिकाले ७ लाख ५२ हजार ५ सय, गल्याङ नगरपालिकाले दुई लाख ९४ हजार र चापाकोट नगरपालिकाले दुई लाख २८ हजार ५ सय रुपैयाँ खर्चमा विपन्न परिवार, महिला स्वयंसेविका, माझी, बोटे लगाएतका लोपोन्मुख र अति गरिब परिवारलाई निःशुल्क बीमा गरेका छन्। त्यस्तै फेदीखोला गाउँपालिकाले ७ लाख ४५ हजार ९५०, अर्जुनचौपारी गाउँपालिकाले चार लाख ७६ हजार, आँधीखोला गाउँपालिकाले ९४ हजार र बिरुवा गाउँपालिकाले ८४ हजार खर्चमा महिला स्वयंसेविका र विपन्न परिवारलाई निल्शुल्क बीमा गरिदिदा हरिनास गाउँपालिकाले भने बीमामा कुनै रकम खर्च नगरेको शाखाका संयोजक ध्रुव हमालले जानकारी दिए। जिल्लामा पछिल्लो समय स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध हुने नागरिकको संख्यामा वृद्धि हुँदै गएको संयोजक हमालले बताए। स्वास्थ्य बीमा गराउँदा हुने लाभका बारेमा जानकारी भएसँगै बीमामा आबद्ध हुने नागरिकको संख्या बढ्दै गएको उनले सुनाए। बीमा दर्ताका लागि जिल्लाका ९७ वडामा दर्ता सहयोगी कार्यकर्ता खटिएका छन्। स्वास्थ्य बीमामा आबद्ध भएपछि ५ जनाको परिवारले वार्षिक तीन हजार ५ सय प्रिमियम शुल्क तिरेपछि सरकारले एक लाख रुपैयाँबराबरको स्वास्थ्य उपचार सेवा दिने गरेको छ। त्यस्तै ६ जनादेखि माथिको परिवार भएमा प्रतिसदस्य ७ सय रुपैयाँ थप जम्मा गर्दै जाने र दुई लाख रुपैयाँसम्मको बीमा वापत स्वास्थ्य उपचार सेवा सरकारले गर्ने गरेको संयोजक हमालले बताए। सरकारले अति गरिब, पूर्ण अपांगता, क्षयरोग तथा कुष्ठरोग, एच. आइ. भी. संक्रमित र ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई एक लाख रुपैयाँसम्मको निःशुल्क बीमा गरिदिने गरेको छ।

# साफ यु-१७ च्याम्पियनसिप फुटबलमा नेपाल सेमिफाइनलबाटै बाहिरियो

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असोज

साफ यु-१७ च्याम्पियनसिप फुटबल प्रतियोगितामा नेपाल भारतसँग पराजित हुँदै प्रतियोगिताको सेमिफाइनलबाटै बाहिरिएको छ।

श्रीलङ्काको कोलम्बो रेसकोर्समा बिहीबार सम्पन्न दोस्रो सेमिफाइनल खेलमा साविक विजेता भारतसँग नेपाल ३-० गोलले पराजित हुँदै अन्तिम चारबाट बाहिरिएको हो। जितसँगै भारत भने साफ यु-१७ च्याम्पियनसिपको फाइनलमा प्रवेश गरेको छ।

भारतका लागि गुनलेइबा वाङखेरियाक्पाम, अजलान शाह र डायमन्ड सिंह थोकचोमले समान एक/एक गोल गरे। सबै गोल दोस्रो हाफमा सम्भव भएका हुन्। गुनलेइबाले खेलको ६१औं मिनेटमा गोल गरे भने अजलानले खेलको ८०औं मिनेटमा गोल गरे। खेलको दोस्रो हाफको अतिरिक्त समयमा भारतका अर्का खेलाडी डायमन्डले एक गोल थपे। नेपाल समूह ए को उपविजेता तथा भारत समूह बी को विजेताका रुपमा सेमिफाइनल प्रवेश गरेको हो। नेपालले पहिलो खेलमा श्रीलङ्कालाई २-० ले पराजित गरेको थियो भने दोस्रो खेलमा बङ्गलादेशसँग ४-० ले पराजित भएको थियो।

त्यसैगरी भारतले भने समूह चरणका तीनवटै खेल जितेको थियो। पहिलो खेलमा माल्दिभ्सलाई ६-० ले हराएको भारतले त्यसपछि भुटानलाई १-० र पाकिस्तानलाई ३-२ ले पराजित गरेको थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# प्रधानमन्त्री कार्कीको सम्बोधनको सन्देश

जेनजी आन्दोलनबाट सत्ताको नेतृत्व गरेकी प्रधानमन्त्री सुशीला कार्कीले नेपालको मौजुदा शासकीय स्वरुपको पुनर्संरचना वर्तमान सरकारको कार्यक्षेत्र भन्दा बाहिरको विषय भएको प्रष्ट पारेकी छन् । बिहीबार राष्ट्रका नाममा सम्बोधन गर्दै अन्तरिम सरकारको प्रधानमन्त्री कार्कीले शासकीय स्वरुप फेर्न संविधान संशोधन आवश्यक पर्ने बताइन् । जेनजीको आन्दोलनको माग संविधान खारेज र राजतन्त्र स्थापना थिएन । आन्दोलनलाई समर्थन गरेका राप्रपा, रास्वपा लगायत राजावादीले संविधान खारेज गरेर प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको अडान छोडेको भनी जेनजीको वार्तामा जानेको आलोचना गरेका छन ।

संघीयता र गणतन्त्र नचाहनेले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको वकालत गर्दै आएका छन।आन्दोलनकारी र पुराना दलकाबीचमा भएको सहमतिका आधारमा अन्तरिम सरकार बनेको हो । प्रधानमन्त्रीले आगामी निर्वाचनपछि बन्ने सरकारले मात्रै उक्त काम गर्न सक्ने बाटो देखाएकी छन । त्यसका लागि प्रधानमन्त्री कार्कीले आगामी निर्वाचनमा युवा पुस्तालाई सक्रिय सहभागी हुन र त्यसपछि प्राप्त हुने जनादेशका आधारमा संविधान संशोधन अगाडि बढाउन आग्रह गरेकी छन । संविधान सडकबाट होइन जनताको मतबाट चुनीएका प्रतिनिधिले गर्छन।आवश्यक परे जनमतसंग्रहमा जान सकिन्छ ।

अहिले जेन-जी आन्दोलनपछि बनेको सरकारले प्रदेशको संरचनामाथि पुनर्विचार गर्नुपर्ने तथा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको चुनाव गराउनुपर्ने माग एकपक्षले गर्दै आएको छ । अर्काको काँधमा बन्दुक राखेर पड्काउनेको आशय बुझेर प्रधानमन्त्री कार्कीले त्यो काम अहिलेको सरकारले गर्न नसक्ने स्पष्ट पारेकी छन। आन्दोलनको मुख्य माग भ्रष्टाचार न्युनीकरण हो । उनले भ्रष्ट्राचारविरुद्धको अभियान सुरु भइसकेको बताइन् । भ्रष्टाचार गरेर कमाइएको रकम जफत गर्नुपर्ने माग हो । आन्दोलनका क्रममा नेताका घरमा भेटिएको भनिएको नगद रकमको बारेमा छानबिन सुरु भएको प्रधानमन्त्रीले जानकारी दिएकी छन । प्रधानमन्त्री कार्कीले  समयमै निर्वाचन सम्पन्न गर्ने वातावरण बताउन सम्बद्ध सबैलाई आग्रह गरिन् । उनले शान्तिपूर्ण निर्वाचन सम्पन्न गर्न अपिलसमेत गरिन् । उनले विदेशबाट समेत भोट हाल्न पाउने व्यवस्थाका लागि छलफल भइरहेको जानकारी दिइन् ।

प्रधानमन्त्री कार्कीले औद्योगिक क्षेत्रको सुरक्षामा सरकारले विशेष ध्यान दिने बताइन् । त्यस्तै आन्दोलनमा भएको क्षतिबारे विवरण संकलन गर्न गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोग बनाएको र काम सुरु गरेको जानकारी दिइन् । पुनर्निर्माण गर्नुपर्ने सरकारी संरचनाका लागि नागरिकस्तरमा पनि सहयोग आह्वान गरिएको बताइन् । सरकारले पुनःनिर्माण गर्न सबैको सहयोग र साथ चाहिन्छ । नेपाली नागरिक र शुभेच्छुकबाट सहयोग लिएर गर्नुपर्ने खाँचो छ । प्रधानमन्त्रीको सम्बोधनबाट नेपालको परराष्ट नीतिबारे केही उल्लेख नगरेको हुँदा विदेशी चलखेलका आशंका हट्न सकेको छैन।नेपाल भूराजनीतिक चपेटामा परेको बारेमा पनि अन्तरिम सरकारले स्पष्ट पार्नु आवश्यक छ ।

# 'अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण सूचना विभागबाट हुने'

**रासस**
काठमाडौं, ९ भाद्र

सरकारले अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण पूर्ववत् रुपमा सूचना तथा प्रसारण विभागबाट गराउने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बिहीबार भएको मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्नुहुँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सो जानकारी दिनुभएको हो । पूर्ववर्ती सरकारले स्थानीय प्रशासन कार्यालयबाट अनलाइनको दर्ता र नवीकरण गराउने निर्णय गरेको थियो । बैठकले नेपाल सरकारको प्रवक्तामा सञ्चार तथा सूचना प्रविधिमन्त्री खरेललाई तोक्ने निर्णय गरेको पनि उहाँले जानकारी दिनुभयो । यसैगरी, आफू सहभागी मन्त्रिपरिषद्को पहिलो बैठकमा सञ्चार क्षेत्रसँग सम्बन्धित अन्य केही निर्णय भएको र बाँकी निर्णय शुक्रबार हुने नियमित पत्रकार सम्मेलनमा जानकारी गराइने सञ्चारमन्त्री खरेलले बताउनुभयो ।

# डा भट्टराईद्वारा पार्टीको अध्यक्ष पद त्याग

**रासस**
काठमाडौं, ९ असोज

नेपाल समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले पार्टीको अध्यक्ष पद त्याग गरेको घोषणा गर्नुभएको छ ।

बिहीबार यहाँ पत्रकार सम्मेलन गरी अध्यक्ष भट्टराईले परिवर्तित राजनीतिक सन्दर्भमा नयाँ पुस्ताले अब मुलुकको नेतृत्व गर्नुपर्ने महसुस गरी नेसपा (नयाँ शक्ति) को अध्यक्ष पदबाट अलग भएको स्पष्ट गर्नुभयो ।

डा भट्टराईले भन्नुभयो, "राजनीतिक दलभित्र पुस्तान्तरण अपरिहार्य छ । नयाँ शक्ति र युवा पुस्ताका लागि मार्ग प्रशस्त गर्न आवश्यक रहेकाले पार्टीको अध्यक्ष पदबाट अलग भएको छु ।

तर, वैकल्पिक शक्ति निर्माण र समाज रूपान्तरणको अभियानलाई निरन्तरता दिन सदैव लागि रहने छु ।" उहाँले सुशासनका पक्षमा भएको 'जेनजी' युवाहरुको आन्दोलन जायज भए पनि केही नेता र बाहिरी शक्तिले त्यसलाई बदनाम गर्न खोजेको बताउनुभयो । भ्रष्ट नेतामाथि कारबाही हुनुपर्ने माग उठिरहेको सन्दर्भलाई इङ्गित गर्दै पूर्वप्रधानमन्त्री भट्टराईले भन्नुभयो, "त्यसका लागि युवा पुस्ताबाट देशव्यापी रुपमा दबाब सिर्जना गर्न आवश्यक छ, भ्रष्ट जो कोही पनि कानुनको दायरामा आउनुपर्दछ ।" उहाँले भन्नुभयो, "अध्यादेशमार्फत संविधान संशोधन गरेर प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था गर्नुपर्ने र निर्वाचन तथा शासकीय प्रणालीमा सुधार नगरे मुलुक थप जटिलतामा फस्ने छ, त्यसतर्फ सम्बद्ध सबैको ध्यान जान जरुरी छ ।" नेसपाका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री भट्टराईले आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभाको निर्वाचनमा संस्थागत सहभागितासहित 'जेनजी' युवाहरुले देशको नेतृत्व लिनसक्नुपर्न धारणा व्यक्त गर्नुभयो ।

# घटस्थापनापछि एक लाख ३८ हजार यात्रुले काठमाडौं छाडे

**रासस**
काठमाडौं, ९ असोज

घटस्थापना पछिका तीन दिनमा एक लाख ३८ हजार दुई सय ९६ यात्रुले काठमाडौं छाडेका छन् । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार असोज ६ गते (घटस्थापना)का दिन ४० हजार ९२३, असोज ७ गते ३९ हजार ८१४ र असोज ८ गते ५७ हजार ५५९ यात्रुले काठमाडौं छाडेका हुन् ।

कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक (एसपी) नरेश सुवेदीले देशका विभिन्न क्षेत्रबाट काठमाडौं उपत्यकामा अध्ययन, व्यापार व्यवसाय, रोजगारीको लागि आएकाहरु दसैं मनाउन घर जान थालेको जानकारी दिनुभयो । उहाँका अनुसार उक्त तथ्याङ्क थानकोट, साँगा, दक्षिणकाली र बालाजु नाकाबाट उक्त यात्रुहरु गन्तव्यस्थलमा गएकाहरुको हो ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वारले पानी परेका कारण राजमार्गमा पहिरो जाँदा सवारी साधनलाई आवतजावतमा समस्या परेको बताउनुभयो । "मुग्लिङ-नारायणघाट सडकखण्डमा पहिरो जाँदा घण्टौंसम्म सवारी साधन बाटोमा रोकिएका छन्, जसका कारण समयमै काठमाडौंमा बस नआउँदा यात्रुलाई गन्तव्यस्थलसम्म पठाउन समस्या भएको छ,", अध्यक्ष स्वारले भन्नुभयो ।

काठमाडौं गोंगबुस्थित राष्ट्रिय बसपार्क नयाँ बसपार्कमासमेत दसैंमा घर जाने यात्रुको चाप बढ्न थालेको छ । नयाँ बसपार्क सञ्चालन गरेको लोत्से बहुउदेश्यीय प्रालिका महाप्रबन्धक सुनिल कुँवरले नयाँ बसपार्कबाट दैनिक ५०० बस बाहिरिन थालेको बताउनुभयो । उहाँले अरु समयमा दैनिक औसतमा दुई सय ५० बस बाहिरिए पनि अहिले उक्त सङ्ख्यामा वृद्धि भएको बताउनुभयो । यात्रुको सहजताका लागि काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले विभिन्न सङ्घ संस्थाको सहकार्यमा काठमाडौं उपत्यकाको १५ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरेको छ ।

# वालिङमा 'आँधीखोला करिडोर' कालोपत्रे

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ९ असोज



स्याङजाको वालिङ नगरपालिकाले आँधीखोलाको दुबै तर्फ करिडोर बनाएको छ । झण्डै पाँच वर्ष अगाडिबाट सुरु भएपनि करिडोर निर्माणलाई नगरपालिकाले पछिल्लो समय तीव्रता दिएको हो । करिडोरअन्तर्गत कतै कालोपत्रे समेत भइसकेको छ भने कतै नयाँ ट्र्याक बनाउने काम धमाधम भइरहेको छ ।

नगरपालिकाले आफ्नो गौरवको योजनाको रुपमा अघि सारेको 'आँधीखोला करिडोर'को केही भाग कालोपत्रे भएपछि स्वरुप नै फेरिएको छ । कालोपत्रे भइसकेपछि सडकलाई राम्रो र व्यवस्थित गराउन सडक किनारामा फूल सहितका बिरुवा रोप्ने काम सुरु भएको नगरपालिकाले जनाएको छ । थोरै मात्रामा कालोपत्रे गरिएको सडकले करिडोर नमुना देखिएको छ । सडकको कालोपत्रे भागलाई सकेसम्म सुन्दर बनाएरै निर्माण गर्ने नगरपालिकाको तयारी छ ।

आँधीखोला किनारको करिडोर कालोपत्रे गरिए पश्चात साँझ बिहान घुमफिर गर्नेको भिड नै लाग्ने गरेको स्थानीय सुरेश श्रेष्ठले बताए । कतिपय भने भिडियो, टिकटक र फोटो खिच्नका लागि आँधीखोला करिडोरमा पुग्ने गरेको स्थानीयको भनाइ छ । सडकले वालिङ र आसपासको स्वरुप नै फेरिदिएको उनीहरुको बुझाई छ । झण्डै ८ किलोमिटर लम्बाई रहेको नगरपालिका भित्रपर्ने आँधीखोलाको दाँयाबाँया दुवैतर्फ करिडोरको कच्ची लेन (बाटो) तयार भइरहेको छ । अधिकांश भागमा सडकको कच्ची लेन तयार भएको नगरप्रमुख कृष्ण खांणले बताए । दुबैतर्फ कच्ची लेन निर्माणसँगै नाली तथा कालोपत्रे गर्ने काम दुर्तगतिमा अगाडी बढाएको प्रमुख खाँणको भनाइ छ ।

करिडोर अन्तर्गत थप झण्डै १६ किलोमिटर सडक निर्माण गर्ने पालिकाको गुरुयोजना छ । पहिलो चरणमा तीन सय ५० मिटर कालोपत्रे सम्पन्न गरिएको छ । पालिकाले गौरवको योजनाको रुपमा यसलाई अगाडि सारेको करिडोरलाई कम्तिमा २ वर्षभित्र निर्माण सम्पन्न गर्ने नगरपालिकाको आन्तरिक तयारी रहेको छ । करिडोरबाटै उत्तरीभेगको भीरकोट र दक्षिणभेगको गल्याङ नगरपालिका जोड्ने नगरपालिकाको लक्ष्य रहेको छ ।

संघीय सरकार र पालिकाको समान लागत साझेदारीको आधारमा पहिलो चरणको सडक कालोपत्रे गरिएको इन्जिनियर ध्रुव रेग्मीले जानकारी दिए । पहिलो चरणमा दुई करोड ९० लाखबाट कालोपत्रेको काम सकिएको उनले बताए । चालु वर्षमा आँधीखोला करिडोरको वालिङ बजारबाट भुम्रेबजार तर्फको झण्डै १/१ किलोमिटर सडक कालोपत्रे गर्ने प्रक्रिया अगाडी बढाएको इन्जिनियर रेग्मीले जानकारी दिए ।

सिद्धार्थ राजमार्गसँगै अन्य भित्री सडकको विकल्पका रूपमा 'आँधीखोला करिडोर' लाई हेरिएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीले सुनाए । आँधीखोला किनारका खेतीयोग्य जमिनको सदुपयोग गर्न र उपयोगिता बढाउनुको साथै वालिङको गरिमालाई उचो राख्न पनि नगरपालिका करिडोरको तिव्र विकासमा लागेको सुबेदी जनाए ।

# दसैं नजिकिएसँगै आन्तरिक उडानमा चाप बढ्यो

**रासस**
काठमाडौं, ९ असोज

बडादसैं सुरु भएसँगै मुलुकको हवाई उडानमा चाप बढेको छ । आन्तरिक र अन्तरराष्ट्रिय दुवैतर्फको उडानमा चाप रहेको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलले जनाएको छ । विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार घटस्थापनाको दिनदेखि आन्तरिक उडानमा चाप रहेको छ ।

प्रवक्ता शेर्पाले आजका लागि आन्तरिकमा एकतर्फी १६७ उडान तालिका छन् । बुधबार १४१ उडान निर्धारण गरिएको भए पनि प्रतिकूल मौसमका कारण जम्मा १३५ मात्रै उडान भएका छन् । आज बिहानैदेखि मौसम अनुकूल रहेकाले धमाधम उडान भइरहेको उहाँले उल्लेख गर्नुभयो । निजी क्षेत्रको वायुसेवा प्रदायक कम्पनी बुद्ध एयरका बजार निर्देशक रुपेश जोशीका अनुसार बुधबार मौसमका कारण केही उडान स्थगित भएकाले आजका लागि निर्धारित उडानमा चाप बढेको छ । उहाँका अनुसार बुधबार दिउँसो ३ बजेपछि पोखरा र भैरहवाको सबै उडान रद्ध गरिएको थियो । कम्पनीले आज दुईतर्फ १७० उडान निर्धारण गरेको छ भने बुधबार १५० उडान निर्धारित थियो । निर्देशक जोशीले दसैंमा यात्रु चापलाई मध्यनजर गर्दै भैरहवा र भरतपुरमा समान दुई उडान थप गरिएको जानकारी दिनुभयो । श्री एयरलाइन्सका संस्थागत प्रबन्धक अनिल मानन्धरले विगत दुई दिनदेखि हवाई उडान चाप बढेको बताउनुभयो । उहाँका अनुसार सडक आवागमन अवरुद्ध हुँदा हवाई उडानमा चाप बढेको छ । आइतबारसम्म यस्तो चाप रहने छ । हाल काठमाडौंबाट बाहिरिने यात्रु बढी भएको र काठमाडौं फर्किने यात्रुको सङ्ख्या कम भएकाले हवाई भाडा केही महँगो भएको मानन्धरको भनाइ छ ।

श्री एयरलाइन्सले अहिले दैनिक दुईतर्फी ५० हाराहारी उडान गर्दै आएको छ । बुधबारदेखि शुक्रबारसम्म नियमित उडान भएमा आन्तरिकतर्फ उडान व्यवस्थापनमा सहज हुने उहाँको भनाइ छ । हाल समग्रमा आन्तरिकतर्फ दैनिक तीनसय ४० भन्दा बढी उडान भइरहेको छ । अन्तरराष्ट्रितर्फ पनि आवागमन बढी रहेको दैनिक दुईतर्फी एकसय १० भन्दा बढी उडान भइरहेको छ । अहिले विदेशबाट नेपाल आउने हवाई यात्रुको सङ्ख्या वृद्धि भइरहेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले दसैं, तिहार तथा छठलगायतका चाडपर्वमा यात्रुहरुलाई सहज हवाई यातायात उपलब्ध गराउन वायुसेवा कम्पनीलाई पथ उडान अनुमतिका लागि सहजीकरण गर्ने जनाएको छ । क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भूलका अनुसार हवाई उडान सहजीकरणका लागि प्राधिकरणले आवश्यक सहजीकरण गर्ने उल्लेख गर्नुभयो । उहाँले हवाई इन्धनको मूल्य अत्यधिक बढेकाले हवाई भाडा महँगो भइरहेको भन्दै राज्यकातर्फबाट हवाई भाडा नियन्त्रणका लागि इन्धनलगायतमा सहुलियत दिएर नीतिगत व्यवस्थापन गरिनुपर्नेमा जोड दिनुभयो ।काठमाडौंबाट बाहिरिने मुख्य नाका मुग्लिङ-नारायणगढ सडककण्डको तुइनखोलामा पहिरो गएपछि सडक अवरोध हुँदा हवाई उडानमा चाप बढेको हो । विगत तीन/चार दिनदेखि पटक-पटक पहिरो खसेकाले पहिरो पन्छाएर सडक सञ्चालन गरिँदै आएको छ । उक्त क्षेत्रमा यही असोज ७ गते साँझ ठूलो पहिरो खसेर आवागमन अवरुद्ध भएको छ । हाल विमानस्थल बिहान ६ बजेदेखि राति १ बजेसम्म सञ्चालन भइरहेको छ । आन्तरिकतर्फ १२ हेलिकप्टर कम्पनीसहित २१ वायुसेवा कम्पनीले सेवा दिइरहेका छन् । अन्तराष्ट्रियतर्फ तीन नेपालीसहित ३० हवाई कम्पनीले उडान भर्दै आएका छन् ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# तुईन खोला पहिरो : यात्रुलाई निःशुल्क बससेवा

**रासस**
चितवन, ९ असोज

नारायणगढ-मुग्लिन सडक खण्ड अन्तर्गत तुईन खोलामा पहिरोमा फसेका यात्रुहलाई लक्षित गर्दै निःशुल्क बस सेवा थालिएको छ ।

नेपाल प्रहरीले विगत दुई दिनदेखि पहिरोबाट रोकिएका यात्रुहलाई लक्षित गर्दै निःशुल्क बस सेवा सुरु गरेको हो । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरीका अनुसार मङ्गलबारदेखि पहिरोले रोकिएका यात्रुहरुलाई बस सेवा सुरु गरिएको हो । प्रहरी स्कुल शान्तिपुरका दुईवटा बसले निःशुल्क सेवा दिइरहेको उहाँले जानकारी दिनुभयो । तनहुँतर्फको बाटो हुँदै पाँच किलोको पुलसम्म आएका यात्रुहरुलाई लक्षित गरेर बससेवा सञ्चालनमा ल्याइएको हो । उहाँले भन्नुभयो,"पहिरोका कारण हिँड्दै आएका यात्रुलाई भरतपुरसम्मका लागि निःशुल्क बससेवा सञ्चालनमा ल्याएका हौं ।" पहिरोका कारण लामो समयसम्म सडक खुल्ने सम्भावना नभएपछि अलपत्र परेका वा हिँड्दै आएका यात्रुलाई निःशुल्क बसको व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो । पाँच किलोमा यात्रु जम्मा भएपछि प्रहरीले खबर गरेर बस पठाउने गरेको छ । सुरुको दिन पहिरो खसेको स्थानबाटै यात्रुहरु ल्याइएको भए पनि आजदेखि पाँचकिलोबाट यात्रुलाई ल्याउन थालिएको हो । सडक अवरुद्ध भएपछि यात्रुहरूले पैदल हिँडेर वैकल्पिक मार्ग अपनाउनुपरेको छ । पहिरो समय समयमा खसेकाले पन्छाउन कठिन भएको हो । शुक्रबारसम्ममा पहिरो पन्छ्याइ सक्ने अनुमान गरिएको छ । गत शुक्रबार खसेको पहिरो पन्छ्याएर सडक सञ्चालनमा ल्याइएको भए पनि पुन मङ्गलबार पहिरो खसेर सडक अवरुद्ध भएको छ ।

# बागलुङमा मुस्ताङी च्याङ्ग्राको आयातमा कमी

पोखरापत्र संवाददाता
ढोरपाटन, ९ असोज

यस वर्ष हिमाली जिल्ला मुस्ताङबाट बडादसैँलाई लक्षित गरी कम च्याङ्ग्रा भित्रिएका छन् । मूल्य वृद्धि भएसँगै कम मात्रामा यहाँ च्याङ्ग्रा भित्रिएका हुन् ।

जिल्ला सदरमुकाममा अहिलेसम्म एक सय च्याङ्ग्रा भित्रिएका छन् । हिमाली क्षेत्रको जडीबुटी खाएकाले स्वादिलोसँगै स्वास्थ्यका लागि फाइदा हुने च्याङ्ग्रा खासगरी बडादसैँ र तिहारमा बढी खपत हुने गरेको यहाँका व्यापारी बताउँछन् । दसैँमा प्रायः उपभोक्ताले मासुका लागि भैँडाच्याङ्ग्रा खोज्ने गरेकाले हिमालपारिबाट घटस्थापनाको भोलिपल्टदेखि च्याङ्ग्रा भित्रिउने गरिएको बलबहादुर थापाले बताउनुभयो । बर्सेनि बागलुङबाट मुस्ताङ पुगेर च्याङ्ग्रा भित्र्याउँदै आउनुभएका उपल्लाचौरका थापाले यस पटक २९ वटा मात्रै च्याङ्ग्रा भित्र्याएको जानकारी दिनुभयो । उहाँले प्रतिच्याङ्ग्रा रु ३५ हजारदेखि रु ३७ हजारसम्ममा बिक्री हुने गरेको बताउनुभयो ।



च्याङ्ग्राको मासु काटेर प्रतिकिलो रु दुई हजारसम्ममा बिक्री गर्दै आएको भन्दै थापाले मूल्यवृद्धि भएकाले पछिल्लो समय च्याङ्ग्राको मासु कम खपत हुन थालेको अनुभव सुनाउनुभयो । गत वर्ष जिल्लामा तीनसय भन्दा बढी च्याङ्ग्रा भित्रिने गरेकामा यस वर्ष मूल्य वृद्धि भएसँगै उक्त सङ्ख्यामा कमी आएको हो । "स्थानीय खसीबोकाको मासु बढी खपत भइरहेको छ, दसैँमा च्याङ्ग्रा खाने परम्परा भए पनि मूल्य वृद्धिका कारण सबैले खान सक्ने अवस्था छैन । आर्थिक अवस्था कमजोर हुनेले खानै सक्दैनन्", थापाले भन्नुभयो, "मुस्ताङबाट चार दिनमा च्याङ्ग्रा ल्याएको हो, रोज्जा च्याङ्ग्राको मूल्य रु ३७ हजार पर्दछ ।" उहाँले पहिला जस्तो च्याङ्ग्रा व्यापारमा नाफा नभएको बताउनुभयो ।

थापासँगै बागलुङका ज्ञानेन्द्रबहादुर कार्की र महेन्द्रबहादुर केसीले यस पटक ३०/३० गरी ६० वटा च्याङ्ग्रा भित्र्याउनुभएको छ । बागलुङ बजारमा मासु पसल सञ्चालन गर्दै आउनुभएका केसीले लामो समयदेखि दसैँ र तिहारको अवसरमा मुस्ताङ पुगेर च्याङ्ग्रा ल्याउने कामलाई निरन्तरता दिइराख्नुभएको छ । च्याङ्ग्राको आयात थोरै हुँदा मूल्य बढेको उहाँको भनाइ छ ।

मुस्ताङको छोसेर, कागबेनी, चमरलगायत ठाउँमा पुगेर व्यवसायीले च्याङ्ग्रा ल्याउने गरेका उहाँले जानकारी दिनुभयो । गोठबाट उतैका व्यापारीले च्याङ्ग्रा मुस्ताङको सदरमुकाम जोमसोम ल्याउने र आफूले त्यहाँबाट खरिद गरेको केसीले जानकारी दिनुभयो । हिमाली भेगमा पालन गरिएका भैँडाच्याङ्ग्राले लेकाली जडीबुटी खाने भएकाले मासु पोषिलो र स्वादिष्ट हुने उपभोक्ताको भनाइ छ । चाडपर्वका लागि हिमालपारिको जिल्ला मुस्ताङबाट च्याङ्ग्रा बागलुङ झार्ने गरिन्छ ।



मुस्ताङको स्याउ बागलुङमा ः
दसैं नजिकिएसँगै मुस्ताङबाट प्याकिङ गरेर बागलुङ बजारमा आयात गरिएको स्याउ । दसैँमा कोसेलीका रुपमा मुस्ताङको स्याउ खपत हुने गर्दछ । तस्बिर ः खेमराज गौतम/ रासस

# बागलुङ-कुशिमसेरा सडक तीन महिनापछि सञ्चालन

पोखरापत्र संवाददाता
ढोरपाटन, ९ असोज

पहिरोले अवरुद्ध बनेको बागलुङ-बलेवा-कुशिमसेरा सडक तीन महिनापछि सञ्चालनमा आएको छ । वर्षाका कारण सडक भाँसिएपछि अवरुद्ध बनेको उक्त सडक बुधबारदेखि सञ्चालनमा आएको हो ।

बागलुङ नगरपालिका-१० दब्ल्याङमा पहिरो जाँदा करिब १०० मिटर सडक भाँसिएको थियो । गत असारदेखि बन्द भएको सडक खुलाउनका लागि डोजरसहितका उपकरण प्रयोग गरिएको थियो । सडक अवरुद्ध हुँदा बागलुङ नगरपालिका-१० गलुवा, भकुण्डे, वडा नं १३ पैयुँपाटा, वडा नं १२ को अमलाचौरसहित दक्षिण बागलुङका हजारौँ नागरिकले सास्ती खेप्नुपरेको थियो । बलेवा क्षेत्रबाट २० मिनेटमा सदरमुकाम बागलुङ बजार पुग्न सकिनेमा पहिरोका कारण दुई घण्टाको घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता थियो ।



पूर्वाधार विकास कार्यालय बागलुङले गत साता पहिरोको अवस्था बुझेर तत्काल सञ्चालनमा ल्याउन गण्डकी प्रदेशअन्तर्गतको भौतिक पूर्वाधार विकास मन्त्रालयमा लागत अनुमानसहित स्वीकृतिका लागि पठाएको थियो । मन्त्रालयबाट स्वीकृत हुन बाँकी रहेको पूर्वाधार विकास कार्यालयका सूचना अधिकारी एवं इञ्जिनियर अनिल बर्देवाले जानकारी दिनुभयो । बडादसैँ नजिकिएपछि नागरिकको आवतजावत बढ्ने हुँदा सडक खुलाइएको उहाँको भनाइ छ । सूचना अधिकारी बर्देवाले भन्नुभयो, "लामो समयसम्म सडक बन्द हुँदा हजारौँ नागरिकको सास्ती खेप्नुपर्‍यो । निरन्तर वर्षा र पहिरो झरिरहँदा सडक खुलाउन समस्या भइरहेको थियो, अहिले वर्षा केही कम भएपछि दुई दिनसम्म जनशक्तिसहित विभिन्न उपकरण प्रयोग गरी पहिरो पन्छाएका हौँ । खर्च व्यवस्थापनका लागि पूर्वाधार विकास मन्त्रालयमा लागत अनुमान स्वीकृतिका लागि पठाएका छौँ, अझै स्वीकृत भएको छैन ।" विगत तीन वर्षदेखि यस क्षेत्रमा पहिरो जाँदा पहिरो पन्छाउन रु करोड बढी खर्च भइसकेको बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो । अघिल्लो वर्ष मात्र पूर्वाधार विकास कार्यालय र नगरपालिकाले करिब रु ५० लाख खर्च गरेर पहिरोमाथिको पानीलाई नजिकैको न्वारे खोलामा व्यवस्थापन गरी सडकको माथिल्लो भागमा जाली लगाउने काम गरेको उहाँले बताउनुभयो । पहिरो व्यवस्थापनका लागि भू-गर्भविद्‌लको टोलीले अध्ययन गरेर प्रतिवेदनसमेत बुझाइसकेको छ । प्रतिवेदनमा उल्लेख भएअनुसार रकम नहुँदा पहिरो नियन्त्रण गरी सडकको दीर्घकालीन समाधान गर्न समस्या भएको उपप्रमुख खड्काले बताउनुभयो । उहाँका अनुसार चालु आर्थिक वर्षमा पहिरो व्यवस्थापनका लागि सङ्घीय सरकारबाट रु तीन करोड विनियोजन भएको छ । पहिरोका कारण कालीगण्डकी करिडोरसमेत अवरुद्ध हुँदै आएको छ । बर्खाभरि सडक अवरुद्ध हुँदा गाउँमा उत्पादन भएका तरकारी र दूध बजारसम्म पुर्‍याउन समस्या हुने गरेको स्थानीय किसान कुलराज पौडेलले बताउनुभयो । "दूध र तरकारी बजारसम्म पुर्‍याउनका लागि यान्त्रिक पुलमार्फत कुश्मा हुँदै बागलुङ ल्याउने गरिएको छ । घुमाउरो सडक प्रयोग गर्दा ढुवानी खर्च बढी तिर्नु परिरहेको छ", उहाँले भन्नुभयो ।

# चार हेक्टर क्षेत्रफलमा थप सिँचाइ सुविधा विस्तार

पोखरापत्र संवाददाता
दमौली, ९ असोज

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय तनहुँमार्फत जिल्लामा चार हेक्टर क्षेत्रफलमा थप सिँचाइ सुविधा विस्तार गरिएको छ । कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन गरेका आयोजनामार्फत थप चार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार भएको हो ।

सो अवधिमा छ वटा सिँचाइ आयोजना सम्पन्न भएका कार्यालयका प्रमुख मोहनराज आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लाका १३ हजार ५८३ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । त्यसमध्ये छ हजार ३४७ हेक्टर क्षेत्रफलमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध हुने उहाँले जानकारी दिनुभयो । आचार्यले भन्नुभयो, "जिल्लाको कूल क्षेत्रफल एक लाख ५४ हजार ६०० हेक्टर क्षेत्रफलमध्ये ६५ हजार ६१ हेक्टर खेतीयोग्य जमिन छ । एकाउन्न हजार ५१० हेक्टर क्षेत्रफलमा खेती हुने गरेको छ । तर सबै ठाउँमा सिँचाइ सुविधा पुग्न सकिरहेको छैन ।"

कार्यालयले गत आव सिँचाइतर्फ चार वटा इन्टेक, सात हजार २३३ मिटर क्यानल लाइनिङ, नौ हजार ३१४ मिटर पाइपलाइन विस्तार गरेको आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार सङ्घीय सरकारमार्फत नदी नियन्त्रणतर्फ ४०० मिटर र प्रदेश सरकारमार्फत १९० मिटर तटबन्धन गरिएको छ । जसकारण १३ हेक्टर जग्गा उकासमा सहयोग पुगेको बताउँदै उहाँले एक हजार ३९० मिटर ग्याबिन वाल निर्माण गरिएको जानकारी दिनुभयो । सो वर्ष प्रदेश सरकारमार्फत नदी नियन्त्रणका लागि रु चार करोड ३२ लाख १२ हजार, पहिरो संरक्षणका लागि रु ३३ लाख ८२ हजार, सिँचाइ आयोजना निर्माणका लागि रु आठ करोड ९९ लाख ९१ हजार, आपत्कालीन बाढीपहिरो तथा जलस्रोतसम्बन्धी क्षतिग्रस्त संरचनाको पुनःस्थापनाका लागि रु ३२ लाख २८ हजार बजेट खर्च भएको छ । कार्यालयले विभिन्न आयोजनामार्फत रोजगारी सिर्जनामा समेत सहयोग पुर्‍याएको छ । कार्यालय प्रमुख आचार्यका अनुसार घिरिङ गाउँपालिका-३ स्थित फदुवा छबिसे सिँचाइ आयोजनामा २५, घिरिङ गाउँपालिका-१ स्थित गडीझौरीटार सिँचाइ आयोजनामा ४०, म्याग्दे गाउँपालिका-७ स्थित रानीटारी सिँचाइ आयोजनामा १५, ऋषिङ गाउँपालिका-४ स्थित मनादी खोला भिरकोट सिँचाइ आयोजनामा २५ र व्यास नगरपालिका-६ स्थित मदीखोला ठूलोकुलो मर्मत कार्यमा २० जनाले रोजगारी पाएका छन् ।

# गत आवमा पनि अन्नपूर्णमा घरमा सुत्केरी हुनेको सङ्ख्या शून्य

सन्तोष गौतम
म्याग्दी, ९ असोज

म्याग्दीको अन्नपूर्ण गाउँपालिका शतप्रतिशत सुरक्षित प्रसूति सेवा उपलब्ध गराउने स्थानीय तह बनेको छ ।

मातृ शिशु स्वास्थ्यमा सुधार ल्याउनका लागि अन्नपूर्ण गाउँपालिकाले घरमा प्रसूति हुनेको सङ्ख्या शून्य बनाएको हो । असुरक्षित प्रसूतिका कारण हुने जोखिम न्यूनीकरण गरी नवजात शिशु र आमाको स्वास्थ्यमा सुधार ल्याउन गरेको प्रयासस्वरुप घरमा प्रसूति हुनेको सङ्ख्या लगातार दोस्रो वर्ष शून्य कायम भएको अन्नपूर्ण गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख जनस्वास्थ्य निरीक्षक समुद्र बरुवालले जानकारी दिनुभयो । अन्नपूर्णका सबै गर्भवतीहरूले पछिल्लो दुई वर्षयता स्वास्थ्य संस्थामा पुगेर दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका छन् । घरमा प्रसूति हुनेको सङ्ग्या शून्य बनाएका छौ," उहाँले भन्नुभयो,"यसलाई कायम राख्नका लागि सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइरहेका छौँ ।" यहाँ आर्थिक वर्ष २०८१/८२ ७९ र २०८०/८१ मा ९१ जनाले सुरक्षित प्रसूति सेवा लिएका छन् । आव २०७९/८० मा एक सय ३९ मध्ये एक सय ३५ जनाले संस्थागत प्रसूति सेवा लिँदा एक जनाले मात्र घरमा र चार जनाले मृत बच्चा जन्माएका थिए । आव २०७८/७९ मा पालिकामा एक सय २७ जनाले संस्थागत प्रसूति सेवा लिएका थिए । घरमा असुरक्षित प्रसूति हुने र नियमित गर्भ परीक्षण नगराउने समस्या हटाउन पालिकाले 'आमासँग जनप्रतिनिधि' कार्यक्रम सञ्चालन गरेको छ । तोकिएको समयमा नियमित गर्भ परीक्षण र संस्थागत प्रसूति सेवामा पहुँच बढाएर मातृ शिशु मृत्युदर घटाउन, स्वास्थ्य र पोषण सुधार गर्न कार्यक्रम प्रभावकारी बनेको उपाध्यक्ष दिवा तिलिजा पुनले बताउनुभयो ।

गर्भवती स्वास्थ्य परीक्षणका लागि स्वास्थ्य संस्थामा आउँदा अण्डा र सुत्केरीलाई घरमै पुगेर भाले दिने गरिएको उहाँले बताउनुभयो । अन्नपूर्णले सुरक्षित प्रसूति सेवा, पोषण सुधार लगायतका कार्यक्रमका लागि सङ्घीय र प्रदेश सरकारको अनुदान बाहेक वार्षिक रु. एक करोडको हाराहारीमा बजेट विनियोजन गरेको अध्यक्ष भारतकुमार पुनले बताउनुभयो ।

तोकिएको मितिमा चार पटक गर्भ परीक्षण गर्दा हरेक पटक एक/एक क्रेट अण्डा र संस्थागत प्रसूति हुनेलाई जनप्रतिनिधि र स्वास्थ्यकर्मी घरमै पुगेर एउटा कुखुराको भाले दिने गरिएको छ । सुत्केरी भएपछि पनि तीन पटक सुत्केरी जाँच गर्नेलाई थप एक क्रेट अण्डा, एक किलोग्राम सर्वोत्तम पिठो र बच्चालाई न्यानो कपडा दिने गरिएको छ ।

उपहार दिन थालिएपछि गर्भ परीक्षण गराउने र संस्थागत प्रसूति सेवा लिने दर शतप्रतिशत भएको घार स्वास्थ्य चौकीको अहेब मातृकाप्रसाद जोशीले बताउनुभयो । नियमित गर्भ र सुत्केरी परीक्षण गराउँदा आमा र बच्चाको स्वास्थ्य अवस्था तथा समस्या पहिचान गरेर जोखिमको व्यवस्थापन गर्न सहज भएको उहाँले बताउनुभयो । गर्भवती र सुत्केरीको खानपान, सरसफाइ र स्याहारसुसारमा जागरण आएको छ । आठ वडा रहेको अन्नपूर्णको दोवा र दाना बाहेक, भुरुङ-तातोपानी, नारच्याङ, शिख, घार, हिस्तान र राम्चेका स्वास्थ्य संस्थामा प्रसूति सेवा केन्द्र छन् । वडा नं ५ मा पर्ने पाउद्वारको सामुदायिक स्वास्थ्य एकाइमा पनि प्रसूति केन्द्र सञ्चालनमा छ ।


## कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-१३, बाँझपाटन

फोन नं.: ०६१-५८३८८१, ५२०६७३

## १७औं वार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धमा

यस **कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को मिति २०८२/०६/०५ गते बसेको संचालक समितिको २७९ औं बैठकको निर्णय अनुसार निम्न मिति, समय र स्थानमा १७ औं साधारणसभा तपसिलका प्रस्तावहरु उपर बिस्तृत छलफल गरि निर्णय गर्न यहाँहरुको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**कार्यक्रम तालिका:**
**मिति : २०८२ साल, कार्तिक २२ गते, शनिबार ।**
**समय: बिहान ११:३० बजेदेखि ।**
**स्थान : जनकल्याण समितिको भवन सिद्धकालिका स्थान, पोखरा १३ काँहुखोला ।**

**छलफलका विषयहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत ।
२. संचालक समितिको तर्फबाट सचिवज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत ।
३. संचालक समितिको तर्फबाट कोषाध्यक्षज्यूको आ.व. २०८१/०८२ को वित्तीय प्रतिवेदन तथा आ.व. २०८२/०८३ को वार्षिक बजेट प्रस्तुत ।
४. लेखा सुपरिवेक्षण समितिको तर्फबाट लेखा संयोजकज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत ।
५. आ.ब. २०८१/०८२ को लेखा परीक्षकको प्रतिवेदन प्रस्तुत तथा पारित सम्बन्धमा ।
६. माथि उल्लेखित अध्यक्ष, सचिव, लेखा संयोजकको प्रतिवेदन तथा कोषाध्यक्षको प्रतिवेदन एवम् आ.व. २०८२/०८३ बार्षिक बजेट उपर छलफल गरि पारित गर्ने ।
७. शेयर लाभांश कोषको रकम वितरण सम्बन्धी निर्णय पारित गर्ने ।
८. संरक्षित पुँजी फिर्ता कोषको रकम वितरण सम्बन्धी निर्णय पारित गर्ने ।
९. संस्थाको विनियम पुर्नलेखन २०८१ तथा नीति, कार्यविधि संशोधन सम्बन्धमा ।
१०. आर्थिक वर्ष २०८२/०८३ को लागि लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने ।
११. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयर सदस्यहरु मध्येबाट प्रतिनिधि चयन गर्ने ।

(**नोट**ः शेयर सदस्यका छोराछोरीहरु मध्ये २०८१ सालको एस. ई.ई परीक्षामा र कक्षा १२ मा उत्कृष्ट छात्र / छात्रा १/१ जना, स्नातक र स्नातकोत्तरमा विशिष्ट श्रेणी प्राप्त गर्ने तथा एमफिल र पि.एच.डी. गर्ने शेयर सदस्य वा छोराछोरीहरु सबैलाई सम्मान गर्ने कार्यक्रम राखिएको हुँदा कार्तिक १६ गतेभित्र कार्यालयमा सम्पर्क गरि लब्धाङ्क पत्र पेश गर्नुहोला ।)

**संचालक समितिको आज्ञाले**
**कृष्ण बहादुर क्षत्री(कुमार)**
**सचिव**